**सिद्धार्थनगर नगरपालिकाका**
**छैठौं नगर सभामा भएको निर्णयहरु**
(मिति २०७७ साल जेठ १२ गते)

(१) सभामा नगर प्रमुखज्यूबाट सभामा प्रस्तुत चालु आर्थिक बर्षमा हालसम्म भएका गतिविधिहरुको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने निर्णय गरियो ।

(२) कोरोना रोकथाम नियन्त्रण र उपचारमा आर्थिक, भौतिक, नैतिक सहयोग गर्ने सबै राजनीतिक दल, बिभिन्न सरकारी एवं गैर सरकारी संघ, संस्था, नागरिक समाज, समाजसेवी, बुद्धिजिवी, संचार क्षेत्र र आम नगरबासीलाई विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

(३) एसियाली विकास बैंकको सहयोगमा संचालित कार्यक्रम अन्तरगत एकिकृत शहरी विकास आयोजना र क्षेत्रीय शहरी विकास आयोजनाको लागि खोलिएको नेपाल इन्भेष्टमेन्ट बैंक भैरहवा शाखामा खोलिएको चालु खाताबाट प्राप्त व्याज मध्ये विगतमा कर्मचारी कल्याण कोषमा जम्मा भइसकेको रकमको हकमा सोको समर्थन गर्ने र हाल जम्मा भएको र पछि हुने रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्ने र सो रकम कर्मचारी कल्याण कोषका लागि विनियोजन गर्ने निर्णय गरियो ।

(४) कोरोना रोकथाम उपचार तथा नियन्त्रण कोषमा देहाय बमोजिम रकम नगर कार्यपालिकाको मिति २०७७।१।१४ को निर्णयबाट रकमान्तर गरिएकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

| कार्यक्रमको नाम/शीर्षक नं. | विनियोजित रकम | घटाउने | अब कायम हुने | कोरोना कोषमा जम्मा हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन | १० लाख | | | १० लाख | विपद् व्य. का लागि विनियोजित रकम कोषमै जम्मा गर्ने । |
| सरसफाइ सेवा शुल्क तर्फ (२२४१४) | २ करोड ५० लाख | २५ लाख | २ करोड २५ लाख | २५ लाख | |
| अन्य सेवा शुल्क (२२४१९) | १२ लाख | ५ लाख | ७ लाख | ५ लाख | |
| सिप विकास तथा जनचेतना तालिम गोष्ठि (२२५१२) | १२ लाख | ७ लाख | ५ लाख | ७ लाख | |
| स्वास्थ्य संस्थाहरुलाई सहायता (२५३१२) | १० लाख | ५ लाख | ५ लाख | ५ लाख | |
| औषधी खरिद खर्च (२७२१३) | १० लाख | ५ लाख | ५ लाख | ५ लाख | |
| अन्य सहायता (२५३१५) | ५७ लाख ५० हजार | १४ लाख ५१ हजार | ४२ लाख ९९ हजार | १४ लाख ५१ हजार | |

(५) कोरोना रोकथाम उपचार तथा नियन्त्रण कोषमा हालसम्म भएको आम्दानी १ करोड ३४ लाख १९ हजार ९६६ रुपैया र कोरोनाको रोकथाम उपचार तथा नियन्त्रणमा हालसम्म खर्च रकम रु १,०२,६७,३७३.५८ (रु १,००,४७,२६८।९४ कोषबाट र रु २,२०,१०४।६४ अन्य शिर्षकबाट) खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

(६) चालु आर्थिक बर्षमा खेलकुद तर्फ विनियोजन भएको रु. ३३ लाख रकम विनियोजन गरिएकोमा सबै रकम खर्च हुन नसक्ने देखिएको हुँदा सो रकम मध्ये रु १० लाख रकम खेलकुदको अक्षय कोषमा राख्ने निर्णय गरियो ।



प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

(७) ओमसतिया गाउँपालिकाको वडा नं. ५ पट्खौलीमा रहेको ६ बिघा जग्गामा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी फोहरमैला प्रशोधन केन्द्र निर्माणका लागि पुनः सर्वदलीय, सर्वपक्षीय छलफल अगाडि बढाउने र निर्माणका लागि नेपाल सरकारसँग बजेट माग गर्ने निर्णय गरियो ।

(८) नेपाल सरकार र एसियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सम्पन्न एकिकृत शहरी विकास आयोजना र क्षेत्रीय शहरी विकास आयोजनाद्वारा संचालन भइ सम्पन्न भएका पूर्वाधार र सामाजिक विकासका आयोजनाबाट नगरपालिकाको विकासमा उल्लेख्य योगदान भएकोमा नेपाल सरकार र एशियाली विकास बैंकलाई विशेष धन्यवाद ज्ञापन गर्ने । क्षेत्रीय शहरी विकास आयोजनाको म्याद सन् २०२२ सम्म रहको र सो आयोजना अन्तरगत सिद्धार्थनगर नगरपालिकामा संचालित सम्पूर्ण आयोजना सम्पन्न भइसकेको हुनाले थप आयोजना संचालनका लागि शहरी विकास मन्त्रालय मार्फत एशियाली विकास बैंकसँग रकम माग गर्ने निर्णय गरियो ।

(९) नेपाल सरकार र एसियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा संचालित एकिकृत शहरी विकास आयोजना र क्षेत्रीय शहरी विकास आयोजना संचालनको व्यवस्थापनका लागि सिद्धार्थनगर नगरपालिकामा गठित IUDP/RUDP समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२०७८/१२/१२

हरि प्रसाद अधिकारी
प्रमुख



Scanned with CamScan